**Tribhuvan University Journal**
**Vol. 38, No. 1: 212-221, June, 2023**
**Research Directorate, Tribhuvan University (TU),**
**Kathmandu, Nepal**
**DOI: https://doi.org/10.3126/tuj.v38i01.56219**

# नेपालको सन्दर्भमा वर्णव्यवस्थाको समाजशास्त्रीय विश्लेषण

***सुमन्त घिमिरे***

*उपप्राध्यापक, ठाकुरराम बहुमुखी क्याम्पस, वीरगञ्ज*
*इमेल : sumant.ghimire@trmc.tu.edu.np*

Received date: 2 March 2023 – Accepted date: 6 June 2023

## लेखसार

वर्णव्यवस्था हिन्दु उपमहाद्वीपको चारवर्ण (ब्राह्मण, क्षेत्री, बैश्य, शूद्र) सँग सम्बन्धित छ । यस अध्ययनमा नेपालका खस आर्य, नेवार र मैथिली गरी तीन साँस्कृतिक/भौगोलिक समुदायमा वर्ण व्यवस्था कसरी विस्तार भएको छ भनी व्याख्या गरिएको छ । यो अध्ययन पुस्तकालय विधिबाट गरिएको छ।पुस्तकालयमा उपलब्ध लेख रचनाको विषयवस्तुलाई यस अध्ययनको तथ्याङ्कको रूपमा प्रयोग गरिएको छ। यसरी अध्ययन गर्दा समाजशास्त्रीय दृष्टिले जातीय व्यवस्था, परम्रागत रूपमा स्थापित नभई खास ऐतिहासिक सन्दर्भमा यसको थालनी भएको र त्यसका खास कारणहरू रहेको देखिन्छ । सोही आधारमा वर्णव्यवस्था स्थापित हुँदै आएको छ भन्ने कुराको व्याख्या गरिएको छ । वर्ण तथा जातजातिका विसङ्गति जहाँबाट जताबाट पसे पनि समाजमा यसको प्रभाव कम भएको अनुभूति हुन्छ । सामाजिक विकाशको नियमित प्रक्रियामा जन्ममा आधारित जात व्यवस्थाका तमाम दुर्गुण हिजो भन्दा आज निकै कम भएका छन् ।

**शब्दकुञ्जी :** अन्तर्घुलन, छोइछिटो, जातव्यवस्था, तमोगुण, दासप्रथा, रजोगुण, सामन्तवाद, ।

## विषयपरिचय

वर्तमान भारतीय तथा नेपाली समाजमा वर्ण व्यवस्था जन्ममा आधारित छ, तर प्राचिन हिन्दु उपमहाद्वीपमा वर्ण व्यवस्था कर्ममा वा श्रम विभाजनमा आधारित थियो (शंकरराव २०१२) । वर्ण व्यवस्था त्यो सामाजिक व्यवस्था हो, जुन स्तरीकरणमा आधारित थियो, जसको आधार व्यक्तिको सामाजिक तथा आर्थिक योग्यता रहेको थियो । जात व्यवस्थाभन्दा पृथक वर्ण व्यवस्था खुला र उदार देखिन्छ, जहाँ व्यक्तिले आफ्नो कर्म अनुसारको वर्ण ग्रहण गर्ने गर्थ्यो ।

वर्ण व्यवस्थाका विशेषताहरूलाई बुँदागत रूपमा यसरी दर्शाउन सकिन्छ

- वर्ण श्रेणीकृत समाजिक विभाजनमा आधारित हुन्छ ।
- वर्णले समाजलाई ब्राह्मण, क्षेत्री, वैश्य र शूद्र गरी चार तहमा विभाजन गर्छ ।
- जात व्यवस्थाभन्दा पृथक यो उदार प्रकृतिको हुन्छ ।
- यो पेशअनुसार कायम हुन्थ्यो ।
- सामाजिक तथा आर्थिक ल्याकतअनुसार व्यक्तिहरूको स्तर निर्धारण हुन्थ्यो । यो गुण तथा कर्म प्रधान व्यवस्थामा आधारित हुन्छ ।

शब्द व्युत्पत्तिका आधारमा वर्णको अर्थ 'अ' देखि 'ज्ञ' सम्मका ध्वनिको प्रतीक चिन्ह, टुक्र्याउन नसकिने ध्वनिको एकाइसूचक लिपि, देखिने रूप वा आकृति, सौन्दर्य, वेशभूषा, पदार्थमा हुने रातो, सेतो, कालो, पहेँलो आदि रूपभेद, रङ, रँगाउने पदार्थ, रोगन, स्थायी आरोही, अवरोही र सञ्चारी गरी चार भेद हुने गायनको प्रत्यक्ष विधि वा प्रक्रिया भन्ने बुझिन्छ । हिन्दु मान्यतामा भने मनुष्य जातिका चार श्रेणी वा वर्ग (ब्राह्मण, क्षेत्री, वैश्य र शूद्र) भन्ने बुझिन्छ (ने.प्र.प. २०७९) । यसमध्ये हाम्रो सरोकार वर्णको अर्थ मनुष्यको चार तह वा श्रेणी छ, जसमा ब्राह्मण, क्षेत्री, वैश्य र शूद्रसँग छ । ईशापूर्वका प्राचीन वर्णकार वा सामाजिक वैज्ञानिकहरूले हजारौ वर्षअघि विभाजन गरेको श्रम विभाजन; वैदिककालको पूर्वार्द्धमा इच्छित हुने वर्ण व्यवस्था उत्तरार्द्धमा जन्मसिद्ध हुन गएको अध्ययनले देखाउँछ । वर्ण व्यवस्था सम्बन्धी सर्वप्राचीन प्रमाण ऋग्वेद हो । त्यसको रचनाकाल ई.पू. दुई अढाई हजार वर्षतिर रहेकोमा धेरै अनुसन्धाता सहमत छन् । कतिपयले त यसलाई ई.पू. पाँच-छ हजार वर्षको समेत भनेका छन् । ऋग्वेदको प्रथम मण्डल र 'शतपथ ब्राह्मण' आदि प्रमाणिक ग्रन्थअनुसार ऋग्वेद युगको प्रारम्भतिर क्षेत्रीय गणराज मिथि र तिनका पुरोहित ब्राह्मण गौतम रहगण आइ जङ्गल डढाइ मिथिलाका बस्ती बसाएका थिए (प्रश्रित् २०७०) । वर्ण व्यवस्थाको उत्पत्तिका सन्दर्भमा सर्वप्राचिन प्रमाण ऋग्वेद नै हो । यसको १० मण्डलको पुरूष सुक्तमा वर्ण व्यवस्थाका बारेमा उल्लेख गरिएको छ-

"ब्राह्मणोाऽस्यमुखमासीत् बाहुराजन्यःकृतःउरूतदस्य यद्वैश्यः पद्भ्यां शूद्रो अजायतः" (ऋग्वेद १०-९०-१२) ।

अर्थात् यो समाज एउटा यस्तो शरीर हो; जसका मुख ब्राह्मण हो, हात पाखुरा क्षत्रीय हुन्, तिघ्रा वैश्य हुन र पाउ शूद्र हो । समाजका सम्पूर्ण सदस्यहरूलाई एकात्मक बनाउने यो भन्दा गहकिलो सूत्र दुनियाँको कुन मानवशास्त्री वा समाजशास्त्रीसँग होला ? (अधिकारी २०७०) । प्राचीन वर्णकार वा सामाजिक वैज्ञानिक वा वर्णविदहरूको मतअनुसार समाजमा वर्णव्यवस्था ल्याउनुको पछाडि समाजमा श्रमविभाजन नै मुख्य कारण थियो ।

यो अध्ययनको यसकारण महत्व छ कि यसले जन्ममा आधारित जात व्यवस्था पहिले कर्ममा आधारित वर्ण व्यवस्था रहेको थियो भन्ने तथ्यलाई उजागर गर्ने प्रयास गरेको छ । भारतवर्षमा कसरी वर्ण व्यवस्थाको उद्‌भव विकास र परिवर्तन भयो, साथै नेपालमा त्यसको अभ्यास, विकास र परिवर्तन कसरी भयो भन्ने तर्फ यस आलेखले प्रकाश पार्ने जमर्को गरेको छ ।

## अध्ययनविधि

यो अनुसन्धान व्याख्यात्मक ढाँचामा आधारित छ । मनुस्मृति, ग्रन्थ तथा समाजशास्त्रीहरूको जात तथा वर्ण व्यवस्थासँग सम्बन्धित पुस्तक लेख रचनाको साहित्यिक पुनरावलोकन गरी यो अध्ययन तयार गरिएको हो । यो अध्ययन पूर्ण रूपले द्वितीय स्रोतमा आधारित छ । यो अध्ययनको तथ्याङ्क गुणात्मक प्रकृतिको रहेको छ साथै तथ्याङ्कको सङ्कलन पुस्तकालय कार्यअनुसार गरिएको छ भने सामग्रीको विश्लेषण निगमनात्मक विधिबाट गरिएको छ ।

### वर्णव्यवस्थाको विकासक्रम

ऋग्वैदिक काल (१५००-१००० इ.पू.) को समाज अनुकूलको श्रम विभाजनमा आधारित वर्ण व्यवस्थाले तत्कालीन हिन्दु उपमाहाद्विप सामाजिक, साँस्कृतिक, धार्मिक तथा जैविक आवश्यकता परिपूर्ति गर्ने भएकाले त्यसको विस्तार सहजै हुन गयो (आहुति २०६७) । सनातन वैदिक (हालको हिन्दु) वर्णव्यवस्था वर्णका चार तह बनेपछि त्यसले समाजको जीवन पद्धति र संस्कृति पनि चार तहको बन्दै गयो । पौराणिक कालमा ब्राह्मण सबैभन्दा शक्तिशाली गनिन्थे । जब दासप्रथाको जगमा सामन्तवादको संरचना खडा हुन थाल्यो, त्यसबाट धर्मसत्ताभन्दा राज्यसत्ता बलवान हुँदै गयो । ब्राह्मणहरू मानार्थ देखिए, भूमिमालिक क्षत्रीय राजा (भूपति) भएपछि वास्तविक सत्ता र शक्तिको हिसाबले शासक वर्गका क्षत्रीयहरू सबैभन्दा माथि पुगे । समाजमा पछि तीन वर्ण हुँदा वैश्य वर्णको स्थिति निकै तल्लो मानिन्थ्यो । अझै पछि शूद्र वर्ण जन्मिएपछि पनि केही समयसम्म वैश्य र शूद्र दुबैलाई समान रूपले तल राखिएको छ । समाजमा सामन्तवादको विस्तार हुँदै गएपछि व्यापारिक कुशलता र समृद्धिकै कारणले वैश्यहरूको सम्मान बढ्दै गयो भने शूद्रहरूको स्थिति दयनीय बन्न पुग्यो (प्रश्रित २०६२) ।

वर्णव्यवस्थाको विकृत रूपमा अमानवीय जाति व्यवस्थाको विकासले हजारौंको श्रम शोषण मात्रै गरेन, अन्धकारमा राख्यो, धेरै प्राकृतिक अधिकार समेत हनन् गरीरह्यो । यो दक्षिण एशियाको जुनै ठाउँबाट विकास भए पनि चीरकालसम्म व्यवहारमा असर गरी रहने देखिन्छ । इ.पू. ३००० तिर आर्यहरू ईरानबाट भारतवर्षमा प्रवेश गरेपछि उनीहरूको श्रमको आधारमा वर्ण व्यवस्थाको विकास गर्न थाले । वैदिक कालदेखिभन्दा धेरै पछि स्मृतिकालसम्म आइपुग्दा पनि तल्ला भनिएका वर्णका मानिसले योग्यता अनुसारको काम गरे माथिल्लो भनिएका वर्णमा प्रवेश पाउन सक्थे र माथिल्ला भनिएका वर्णका मानिसहरूले खराब मानिएको काम गरे तल्लो भनिएको वर्णमा झर्न पुग्थे ।

## सामाजिक विभाजन र असमानताका सिद्धान्त

(क) **दैवि उत्पत्तिको सिद्धान्त :** ऋग्वेदलाई आधार मान्दै यो सिद्धान्तले वर्णको उत्पत्ति विराट् पुरूषको अवयवबाट भएको हो, भन्छ। सामान्य अर्थमा मुखबाट 'ब्राह्मण' निस्के, बाहुबाट 'क्षत्रीय' मध्यभाग वा तिघ्राबाट 'वैश्य' र पाउबाट 'शूद्र' को उत्पत्ति भएको हो । विशिष्ट अर्थमा ब्राह्मणको कार्य शिक्षादिक्षा अर्थात मुखसँग सम्बन्धित, क्षत्रीयहरूको रक्षासँग गासिएको कार्य जुन बाहुसित सम्बन्धित छ, वैश्यको व्यापार, खेती आदि गरेर पालन गर्ने अर्थात् जाँघसित सम्बन्धित अन्तमा शूद्रले पाउ सम्बन्धित अर्थात् सेवासँग सम्बन्धित कार्य गर्ने उल्लेख गरिएको छ ।

(ख) **रङ्गको सिद्धान्त :** यो सिद्धान्ताअनुसार गोरो वर्णका भएमा ब्राह्मण, रातो वर्णका क्षत्रीय, पहेलो वर्णका वैश्य र कालो वर्णका भएमा शुद्र हुने व्यवस्था गरेको थियो ।

(ग) **गुणको सिद्धान्त :** यस सिद्धान्तअनुसार सत्वगुण हुने ब्राह्मण भए जुन ज्ञानभावसँग सम्बन्धित छ । रजोगुण अधैर्यता र यशस्वीसँग सम्बन्ध राख्छ यस्ता गुण भएका 'क्षत्रीय' भए । रजोगुण र तमोगुण मिसिएका वैश्य भए र तमोगुण (अज्ञानताको प्रतिक) मात्र भएका शूद्र भनिएको पाइन्छ ।

(घ) **जन्म सिद्धान्त :** स्मृति र ब्राह्मण साहित्य पछाडिको युगमा विकसित भएको यो सिद्धान्तले वर्णलाई जन्मसिद्ध हुन्छ भनेको छ ।

(ङ) **कर्म सिद्धान्त :** जस व्यक्तिले जुन कर्म गर्छ त्यसै अनुरूप उसको वर्ण कायम हुन्छ । अध्ययन, अध्यापन पूजापाठ गर्ने ब्राह्मण, युद्ध कौशलमा संलग्न हुने क्षत्रीय, व्यापार र कृषि पेशा अगाल्ने वैश्य र कुनै पनि कार्यमा इच्छा नगर्ने सेवागत भावना भएका शूद्र (दाहाल २०५७ पृ. ९३-९४) ।

यसमध्ये युक्तिसङ्गत र पत्यारिलो कर्म सिद्धान्त छ जसको दर्भिलो आधार श्रम विभाजन हो । मनु भन्छन, 'जन्मना जायते शूद्रः, संस्काराद् द्विज उच्यते ।

जन्मँदा सबै समान छन्, कर्मले ब्राह्मण वा अन्य जनाउँदछ । श्रम विभाजनको आधार 'कर्म' हो, जसको क्षमता रूची जुन श्रम वा कर्ममा छ त्यो नै त्यस वर्णको अङ्गीकार गरी सामाजिक संरचनालाई अघि बढाउँछ जहाँ सबै वर्णको लक्ष्य एकाकार भएर समाज टिकाउनु हो । जसरी कुनै आधुनिक नेपाली परिवारमा कोही शिक्षक, कोही प्रशासक, कोही व्यापारी र कोही इन्जिनियर हुन सक्छन्, त्यसैगरी प्राचीनतम् दक्षिण एशियाली सामाजिक संरचनामा त्यस्ता विभाजन सकारात्मक दृष्टिकोणले गरिएको थियो । पछिका दिनहरूमा छुवाछुतको भावना उत्पन्न भए पश्चात् यो व्यवस्था कुप्रथा वा अभिशापको रूपमा आजभोलि चर्चा हुन थालेको छ । विश्वका अन्य देश र महादेशभन्दा पृथक दक्षिण एसियाको सामन्ती व्यवस्थाभित्र वर्ण व्यवस्थाको रूपमा जातजातिको भेदभाव र छुवाछुत

जस्तो अमानवीय प्रणालीको विष प्राचीन कालदेखि नै फैलिदै आएको हो । वास्तवमा वर्णव्यवस्थाले सामन्तवादको आश्रय पाएर यस्तो जटिल रूप लियो; त्यसले वर्ण व्यवस्था बाहिरका जाति जनजातिहरूलाई समेत अपमान र भेदभावको भुमरीमा पाऱ्यो (प्रश्रित २०७०) । शूद्र बारेमा स्वतन्त्र प्रथम रचना वी.एस. शास्त्री ले निबन्ध 'शूद्र' मार्फत गरेका थिए । उनले शूद्रले वैदिक अनुष्ठान गर्न सक्छन भनी उल्लेख गरेका छन् । साथै रूसी लेखक जी.एफ. इलिनले धर्मशास्त्रका आधारमा शूद्रहरू भनेका दास (गुलाम) होइनन् भनी प्रमाणित गरेका छन् (शर्मा २०१३) । यसप्रकार वर्णको वा वर्ण व्यवस्थाको उत्पत्ति आदर्श श्रमविभाजनको लागि भए तापनि कालन्तरमा अभिसाप सिद्ध भएको पाइयो ।

## वर्ण र जात व्यवस्थामा अन्तर

वर्ण श्रम विभाजनसँग सम्बन्धित थियो र वैदिक युगमा समाजमा कार्य विभाजन गरी सामाजिक गतिविधि अघि बढाउन यो व्यवस्था लागू गरिएको थियो । वर्ण व्यवस्था क्षमता, दक्षता र गुणका आधारमा निर्धारित थियो। यो जन्मसिद्ध कहिल्यै भएन। वैदिककालको अन्त्य र ब्राह्मणसाहित्य र स्मृतिका रचनाले वर्णका सट्टा जात व्यवस्थाको सुत्रपात्र गऱ्यो, जुन जन्ममा आधारित, सजातीय विवाहमा आधारित, बन्द व्यवस्थामा आधारित छ । वैदिककालीन समाजबाट प्रवाहित भएको वैज्ञानिक वर्ण व्यवस्था मनुका युगपछि विषाक्त हुन पुग्यो। ब्राह्मणका सन्तान ब्रह्मकर्म तथा ब्रह्मज्ञान बिना नै ब्राह्मण, क्षत्रीयमा हुने गुणहरू बिना नै क्षत्रीय अनि उद्योग, व्यावसाय केही नगरी सुती खाने नै वैश्य हुन पुगे । प्राचीन व्यवस्थाका प्राविधिकहरू त्यसै अछुत हुन पुगे । वैदिककालमा एकै घरका परिवारमा पनि कोही ब्राह्मण कोही क्षेत्री, कोही वैश्य शूद्र भएको कुरा एकजना वैदिक ऋषिपुत्रको भनाइले प्रष्ट हुन्छ- "म ब्राह्मण हुँ, किनकि म कविता बनाउँछु, मेरा पिता वैश्य हुन् किनकि उनी खेती गर्छन्। मेरा दाजु क्षत्रीय हुन् किनकि उनी जनपदको रक्षा गर्छन र मेरी आमा शूद्र हुन किनकि उनी जातो पिस्ने, ढिकी कुट्ने काम गर्छिन् (अधिकारी २०७०)। वर्ण र जातमा फरक के छ भने वर्ण समाजको कार्यगत विभाजन हो जुन ऋग्वैदिक कालदेखि सुरू भएको मानिन्छ। भने, अर्कोतर्फ 'जात' चाहिँ ब्राह्मण साहित्यले जन्माएको हो (रोय २००५) । वर्ण व्यवस्था एउटा विशिष्ट अवस्थमा रह्यो र पछिसम्म प्रभावकारी र वास्तविक एकाइ बन्न सकेन तर जहाँ सम्म जातव्यवस्था हो, त्यो एउटा सजातीयताले युक्त जन्मसिद्ध प्रायः स्थानीय, साथै परमपरागत पेशामा आवद्ध पद र स्थानीय जातको स्तरीकरण शुद्धता र अशुद्धताको भावना हुन्छ, जसले खानपान र सम्बन्धको बारबन्देज लगाएको हुन्छ (श्रीनिवास १९६२) । त्यसैगरी जात व्यवस्थामा समानता र असमानताका सिद्धान्तका आधारमा जन्मगत, सजातीयता र स्तरीकरणको भावना हुन्छ (डुमो १९७२) । क्षेत्रीय कुलमा जन्मे पनि जातिमा आधारित वर्णव्यवस्थाको गौतम बुद्धले घोर विरोध गरे । बौद्ध साहित्यहरूमा बुद्धले कस्ता गुणले युक्त व्यक्तिलाई ब्राह्मण भन्न मिल्छ भन्ने कुरा को व्याख्या छ। बौद्ध साहित्यमा वर्णको चर्चा छैन यो वर्ण व्यवस्थाभन्दा वर्ण व्यवस्थाको विकृत रूप जाति व्यवस्थाको विरोध गरिएको छ ।

बौद्ध साहित्यमा ब्राह्मण र क्षत्रीयलाई न जाति भनेर सम्बोधन गरेको छ न वर्ण (मेसफिल्ड २००८) । त्यसैगरी जैन धर्मदर्शनले त संसारमा एउटा मात्र जाति 'मनुष्य जाति' को मात्र चर्चा गरेको छ (जैन १९९८) । यसरी बौद्ध र जैन धर्ममा वर्ण र जातको विभेद देखिदैन ।

## नेपालको सन्दर्भमा वर्णव्यवस्था

नेपालमा वर्ण व्यवस्थाको सूत्रपात तिथि, मिति सबै पाइएको प्रमाणित आलेख राजा बसन्त देवको थानकोटको संवत् ४२८ (इ.सं. ५०६) को अभिलेखमा आफ्नी बहिनी जयसुन्दरीलाई चाटभट् (कर्मचारी) पस्न नपाउने गरी जयपल्लिका गाउँ दाइजोमा दिँदा उक्त गाउँमा बस्ने ब्राह्मण लगायत अठारै जातिका बारेमा सम्बोधन छ (बज्राचार्य २०३०) । लिच्छवी काल (ई.स. २००-८७९) को सुरूमा चार वर्ण अठार जातको स्थिति कायम गरेर ई.सं. ६०० सम्ममा जातपात र छुवाछुतको प्रथा कायम गरियो । त्यसको प्रमाणिकता राजा नरेन्द्रदेव (इ.सं. ६४५-६७९) को "अनन्त लिङ्गेश्वर अभिलेख" हो (लाम्गादे २०६१) । त्यसो त पौराणिक काल मै हालको जनकपुर क्षेत्रमा वर्ण व्यवस्थाको प्रवेश भैसकेको पाइन्छ । यजुर्वेद, यज्ञ सम्बन्धी वैदिक ऋचाहरूको सङ्कलन हो । शुक्ल यजुर्वेदको सम्पादन मिथिलाका गणराज शीरध्वज जनकका दरबारमा दार्शनिक याज्ञवल्क्यले गरेका थिए । दर्शन चर्चा र यज्ञ प्रसङ्गमै केन्द्रित "वृहदारण्यक उपनिषद्" को रचना मिथिलामा नै भएको प्रमाण त्यस ग्रन्थभित्र छ । यी प्रसङ्गहरूले दक्षिण एशियामा फैलिएको प्राचीन आर्यहरूको एउटा महत्त्वपूर्ण क्षेत्र जनकपुर अर्थात् नेपाल भूमि हो (प्रश्रित २०७०) । मिथिलाञ्चल पश्चात् अब पर्वततिर उक्लिनु पर्छ । पहाडमा बस्नको निमित्त वैदिक आर्यहरू धेरैपछि आए । उनीहरू आउनुभन्दा अगाडि नै भाइबन्धु खस मध्ये एशियाको पहाडै पहाड भएर गिलगितबाट काली नदी तरेर त्यसपछि नेपालको पूर्वी सिमान्तसम्म फैलिएका थिए । कुनै बेला यी खसहरू काशगर (खासगिरि) देखि लिएर प्रायः सारा हिमालयमा सम्मिलित भएका थिए (जोशी २०२८) । तर यी खसहरूले वर्ण व्यवस्था मान्दैन थिए । पहाडी बाहुन तथा क्षेत्रीका अधिकांश थरहरू खस साम्राज्यका सरकारी दर्जाबाट अथवा मध्यकालीन कर्णाली प्रदेश वा कुमाउँ भेकका गाउँका नामबाट रहन गएका देखिन्छन् । यस्ता थरहरू भारतका मैदानी भागका बाहुन क्षेत्रीको हुँदैनन् । पहाडी सवर्ण समुदायमा वैश्य जातिको उपस्थिति पाइदैन । यस्तो लाग्छ कि खसहरू बाहुन, ठकुरी अथवा क्षेत्रीको रूपमा आफ्नो स्थान कायम गर्न उत्सुक थिए किनकि वैश्यको स्थान उनीहरूको भन्दा उच्च मानिदैन थियो (अधिकारी २०७१) । नेपालमा इसाको दोस्रो शताब्दिसम्म जातपात र छुवाछुतको भेदभाव थिएन । यो भेदभाव समय समयमा भारतबाट नेपाल आउने वर्ण विद्हरूको साथसाथै आएको हो (तामाङ २०५७) । बरू पछि भारतमा मुसलमानी आक्रमण भएपछि पटक पटक गरी थुप्रै वैदिक आर्यहरू आफ्नो कूलधर्म जोगाउन नेपालको पुर्वततिर लागे (आहुति २०६७) । वैदिक आर्य र खस आर्यबीचको समागमले नै नेपालको पहाडमा वर्ण व्यवस्था जन्मियो । १२ औ शताब्दीमा नादिर शाहले तीन पटक दिल्लीलाई ध्वस्त पारेको उल्लेख छ । यसबाट ठूलो सङ्ख्यामा वैदिक आर्यमध्ये ब्राह्मण र क्षेत्री उत्तराखण्डको बाटो हुँदै नेपाल पसे तर

वैश्य भूमि र व्यापार कार्यमा संलग्न भएकाले उनीहरूले आफ्नो कर्मथलो छोड्न सकेनन् । ब्राह्मण र क्षेत्रीका साथ उनीहरूका सेवक जो शूद्र वर्णमा पर्थे उनीहरू पनि साथमै लागे (आहुति, २०६७) । नेपाल पहाडी भेगमा ब्राह्मण, क्षेत्री, शूद्र पाइन्छन तर वैश्य छैनन् । अब पर्वतबाट तल ओरालो लाग्नुपर्छ काठमाडौं उपत्यकामा जहाँ लिच्छवी कालदेखि नै ४ वर्ण १८ जातको परम्परा बसिसकेको थियो (ब्रजाचार्य २०३०) । पछि नेपालको मल्लकालको उत्तरार्द्धको आरम्भतिर वि.स. १४३६ मा राजा जयस्थिति मल्लले भारतबाट ५ जना ब्राहमणहरू (श्रीनाथ भट्ट, महिनाथ भट्ट, रघुनाथ झा, रामनाथ झा र कीर्तिनाथ उपाध्याय) लाई बोलाइ वर्णाश्रम व्यवस्थालाई अझ सुदृढ गरियो । तत्कालीन समाजलाई जयस्थिति मल्लले ४ वर्ण ६४ जातमा विभाजन गरेका थिए । मध्यकाल मै वि.सं. १६६३ मा गोरखाका राजा राम शाहले 'समाज सुधार' नाम दिएर वर्ण व्यवस्थाको प्रचार प्रसारमा सहयोग गरेका थिए । आधुनिक युगमा आएर राजा सुरेन्द्रको पालामा जङ्गबहादुरले वि.सं. १९१० को मुलुकी ऐन निर्माण गरी 'जातपात छुवाछुत' तथा भेदभाव प्रथा' लाई कानुनी वैधता दिए (दलित मुक्ति मोर्चा, २०६२) । विचारणीय कुरो के छ भने पृथ्वी नारायण शाहले ४ वर्ण ३६ जात भनी उच्चारण गरेका छन् । त्यसपछि सरकारी स्रोतमा वर्णको कुरो कहिल्यै आउँदैन बरू जातसँग सम्बन्धित भएर आउँछ । वि.सं. १९१० मा जङ्गबहादुरसँग राजा सुरेन्द्रको समयमा 'मुलुकी ऐन' जारी गरे जसमा वर्णको सट्टा जातजाति भनेर स्पष्ट जातजातिको वर्गीकरण र स्तरीकरण गरे । आधुनिक राज्य व्यवस्थामा ऐन कानुन बन्नु राम्रो हो, तर राज्यबाट नै छुवाछुत प्रथालाई र जात प्रथालाई वैधानिकता दिनु; आधुनिक राज्य व्यवस्थाभित्र नौलो अभ्यास थियो । त्यस बेलाको जातजातिको व्यवस्थालाई यहाँ तालिकामा यसरी देखाउन सकिन्छ :-

मूलुकी ऐन ई.सं. १८५४ अनुसार जातिको वर्गीकरण

| **क्र.सं.** | **जात वर्गीकरण** | **जात समूह** |
|---|---|---|
| १ | तागाधारी | उपाध्याय ब्राह्मण(पूर्वीया र कुमाई), राजपुत (ठकुरी)/ क्षेत्री, जैशी ब्राह्मण, देउभाजू, मधेशे ब्राहमण, सन्याशी, जैशी (अन्य), केही अन्य नेवार जात |
| २ | मतवाली नमासिन्या | गुरूङ्ग, सुनुवार, मगर, अन्य नेवार जात |
| ३ | मतवाली (मासिन्या) | भोटे, कुमाल, चेपाङ्ग, हायू, थारू, घर्ती |
| ४ | अछुत (छोईछिटो हाल्न नपर्ने) | कसाई, कुस्ले, धोबी (नेवार), कुलू, मुसलमान, म्लेच्छ (खैरे) |
| ५ | अछुत (छोईछिटो हाल्न पर्ने) | कामी, सार्की, कडारा , बादी, गाइने, पोडे, च्यामे |

*(स्रोत: हफर, १९७९)*

उपर्यक्त तालिकाअनुसार के प्रष्ट हुन्छ भने आधुनिक कालमा नेपाली समाज कसरी वर्णबाट जात व्यवस्थामा वैधानिक रूपले परिणत भयो त ? मुलुकी ऐनले केही जातिलाई तागाधारी, केहीलाई मतवाली र केहीलाई अछुत भनेर विभाजन गऱ्यो । मतवालीलाई दुई भागमा बाँड्यो मासिन्या र नमासिन्या । गुरूङ, मगर, सुनुवार आदि जस्ता जाति 'नमासिन्या' अर्थात दास बनाउन नमिल्ने, अर्कोतर्फ तत्कालीन ऐनले व्यवस्था गरेको 'मासिन्या' मतवाली भोटे, घर्ती, हायू आदि जसलाई दास बनाउन मिल्ने व्यवस्था गरिएको थियो । सानोतिनो अपराध गर्दैमा केहीको जात मास्न पाइने र अर्को नपाइने भनिएको हो । अछुत भनिएकाहरूलाई दुई भागमा विभाजन गरियो 'छोइछिटो हाल्नु पर्ने' र 'छोइछिटो हाल्नु नपर्ने' । विश्वमै यसप्रकारको व्यवस्था मानवजातिको लागि 'कलङ्क' को रूपमा इङ्गित हुन्छ । कामी, दमाई, सार्की, वादी, गाइने आदि जस्ता जातिलाई 'छोइछिटो हाल्नु पर्ने' अर्थात छोइँदा सुनपानीले चोख्याउनु पर्ने भनेको हो । अर्कोतर्फ 'छोइछिटो हाल्नु नपर्ने' मा मुसलमान, पश्चिमा गोराहरू (म्लेच्छ), कुलू, कसाई, धोबी आदि रहेका थिए । यो व्यवस्थाले एकातर्फ अछुतको दयनीय अमानवीय अवस्थालाई दर्साउँछ भने अर्कोतर्फ अनार्यहरूलाई समेत छुवाछुत र जातीय उचनिचको भुमरीमा खिचेको छ । राजा महेन्द्रको समयमा नयाँ मुलुकी ऐन २०२० बनेपछि यसको बैधानिकता पनि समाप्त भयो त्यसो त २००७ सालको परिवर्तनको लगत्तै नै 'मुलुकी ऐन, (१९१०)' को उपयोगिता केही सीमित विषय बाहेक समाप्त भइसकेको थियो ।

नेपालमा आयातित वर्ण व्यवस्था थियो वा जात व्यवस्था त्यो आफैँ अध्ययन अनुसन्धानको विषय हुन सक्छ । वैदिक कालमा नेपालको मिथिला क्षेत्रमा विकास भएको वर्ण व्यवस्था मौलिक हुन सक्छ तर पहाडका खसमा फैलिएको जाति व्यवस्था आयातित नै थियो । वैदिक आर्यहरूको सम्बन्ध र सम्पर्कले जाति व्यवस्थाले नेपाल र नेपालीलाई पछिका दिनमा यसरी गाँज्यो जसमा गैर आर्यहरू पनि परे । जात व्यवस्थामा भएको छुवाछुत, बन्द व्यवस्था, गतिशीलताको अभाव जस्ता दूर्गुणहरूले गर्दा नेपाली जनसमुदायले कहिले पनि यसलाई कट्टरपन्थी भएर अवलम्बन गरेनन् । व्यवहारिक रूपले २००७ साल पछाडि नै जातीय व्यवस्थामा कमी आईसकेको थियो पछि कानुनी रूपले नयाँ मुलुकी ऐन २०२० ले पूर्ण रूपले अन्त्य गऱ्यो । तथापि छुवाछुतलाई अन्त्य गर्न कैयन दलित आन्दोलन भए, चेतनामूलक कार्यक्रमहरू भइरहेका छन् । पूँजीवादी युगको विस्तारले जात व्यवस्था टिक्दैन । पुँजीको प्रधानताको अगाडि जातपात सबै धुमिल भएर जान्छन् । हुन त हामी कहाँ वर्ण वा जातले किटानी गरेका कर्महरू तत् वर्ण वा जातमा पर्ने व्यक्ति वा समुदायले पूर्ण रूपले गरेनन् (अधिकारी २०७०) । बाहुन, क्षेत्री खेती अर्थात वैश्य पेसामा आधारित थिए, अझै छन् । त्यसैगरी गैरआर्यका गुरूङ, मगर, राई, लिम्बु आदि जस्ता वर्णको पेशाका हिसाबले केही ब्राह्मण पेसामा लागेका छन, क्षेत्रीय वर्णको पेसामा धेरै लागेका छन् । प्रपन्नाचार्य (काले राई) ले राई लिम्बू भनेका क्षेत्रीहरू हुन् भनेर धेरै ठाउँमा

आफैले राई लिम्बुलाई जनै लगाइ दिएका थिए । स्वयम् संस्कृत साहित्यका पं. छविलाल पोखरेलले धरानमा थुप्रै राई लिम्बू र कथित शूद्रहरूलाई समेत जनै लागाइ दिएका थिए । अर्को तर्फ ब्राह्मण क्षेत्री पनि शूद्र पेशामा लागेका देखिन्छन् । प्राविधिकहरूका साथै विदेशमा चिहान बनाउने, कुर्ने आदि जस्ता चाण्डालले गर्ने शूद्र वर्णको पेसा समेत अपनाएका छन् । अहिले जात वा वर्ण परिवर्तनशील देखिएको छ । भारतभन्दा तुलनात्मक रूपले नेपालमा जात व्यवस्थाले सामाजिक पीडा कम नै दिएको भन्नुपर्छ, त्यसैले हामी भन्न सक्छौ कठोर वर्ण वा जात व्यवस्था नेपालमा वैदिक कालमा थिएन, स्मृति कालदेखी सुरु भएको हो र अहिले आएर भेदभाव विस्तारै कम हुँदै गए पनि जनगणना २०७८ अनुसार नेपालमा १४२ जातजाति रहेका छन् । यो सङ्ख्या २०६८ को जनगणनाभन्दा सत्रवटा जातजातिको सङ्ख्या वृद्धि भएको छ ।

## निष्कर्ष

हरेक व्यवस्थाको उपयोगिता हुन्छ । उत्पादन प्रणाली सुहाउँदो व्यवस्था भएन भने विरोधाभास जन्मन्छ र त्यो व्यवस्था मिल्केर जान्छ । जातमा आधारित व्यवस्थाको विद्रोह गौतम बुद्धबाट आंशिक रूपमा सफल भयो । नेपालमा प्राचीन कालदेखि नै वर्ण व्यवस्थाको बारेमा पौराणिक, कतै ऐतिहासिक स्रोत फेला पर्छन, तर त्यो व्यवस्था ऋग्वैदिक कालिन हो वा जन्ममा आधारित वर्ण व्यवस्था त्यो आफैमा अनुसन्धानको विषय हुनसक्छ । नेपालमा देखा परेका र अहिले सम्मको लक्षण जात व्यवस्थाको लक्षण देखिन्छन् । यहाँ वर्ण व्यवस्थाको लक्षण देखिंदैन । समकालीन संसारमा पुँजीवादी व्यवस्था फैलिने क्रममा त्यसको विस्तार र गतिले गर्दा कुप्रथाको रूपमा स्थापित छुवाछुतलाई मान्यता दिने गरेको जात व्यवस्था नेपालमा निर्मूल हुने अवस्थामा छ । पुँजीवादी उत्पादन प्रणालीले समाजका सदस्यहरूको निर्माण, यी सदस्यहरू बीचको सम्बन्ध र सिंगो समाजिक संरचनामा ठूलै उथुल्पुथल् सिर्जना गऱ्यो । आर्य (ककेसस्), मङ्गोल, आष्ट्रिक विश्वका प्रमुख प्रजातिको सङ्गमस्थल रहेको दक्षिण एसिया, जसबाट नेपाल पनि अछुतो रहन सकेन ।

## सन्दर्भग्रन्थ सूची

अधिकारी, नारायण प्रसाद र अन्य,(२०७०), *आर्य खसका १५००० वर्ष,* काठमाडौं : मधुवन प्रकाशन।

अधिकारी, सूर्यमणि (२०७१), *आधुनिक विश्वको सरल इतिहास,* काठमाडौं : भुँडीपुराण प्रकाशन ।

आहुती, (२०६७), *नेपालमा वर्ण व्यवस्था र वर्ग सङ्घर्षः हिन्दु समाजमा दलित मुक्तिको प्रश्न,* ललितपुर : समता फाउन्डेशन ।

केन्द्रीय तथ्याङ्क विभाग (२०७८), राष्ट्रिय जनगणना २०७८, केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौँ नेपाल ।

जैनी, पद्मनाभ (१९९८), *द जैन पाथ अफ प्युरिफिकेशन,* देल्ली : मोतीलाल बनारसीदास ।

जोशी, सत्यमोहन (२०२८), *कर्णाली लोक संस्कृति (खण्ड १ इतिहास),* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

तामाङ, सीताराम (२०५७), *मार्क्सवाद र नेपालमा जनजाति आन्दोलन,* काठमाडौंः प्रगति पुस्तक सदन ।

दाहाल, पेशल (२०५७), *नेपालको इतिहास र संस्कृति,* काठमाडौंः एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स ।

ने.द.मु.मो. (२०६२), *नेपाल दलित मुक्तिमोर्चाको राजनीतिक प्रतिवेदन,* नेपाल दलित मुक्तिमोर्चा ।

नेपाल प्रज्ञा प्रतिष्ठान, (२०७९), *प्रज्ञा नेपाली बृहद् शब्दकोश,* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

डुमो, एल. (१९७२), *होमो हाइरारकिक्सः द कास्ट सिस्टम एण्ड इट्स इम्प्लिकेसन्स,* लण्डन : ग्रान्ड पब्लिसिप हाउस ली. ।

बज्राचार्य, धनबज्र (२०३०), *लिच्छवि कालका अभिलेख,* काठमाडौं : त्रि.वि. नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

बशुरोय, इन्द्रानी (२००५), *एन्थ्रोपोलोजी द स्टडी अफ म्यान,* न्यू देहली : एस. चन्द एण्ड क.ली. ।

प्रश्रित, मोदनाथ (२०७०), *नेपाल गणयुगदेखि राष्ट्रिय युगसम्म,* ललितपुर : माइलस्टोन प्रकाशन ली. ।

प्रश्रित, मोदनाथ (२०६२), *विचार र अन्तरसम्बन्ध,* बगर फाउन्डेशन ।

मनुस्मृति, (२०६०), बाराणसीः चौखम्बा संस्कृत संस्थान ।

मिश्र, चैतन्य (२०६२), *पुँजीवाद र नेपाल,* काठमाडौं : मूल्याङ्कन प्रकाशन गृह ।

मेसफिल्ड, पिटर (२००८), *डिभाइन रिभिलेसन इन पाली बुद्धिज्म,* राउट्लेड्ज ।

लाम्गादे, भोजराज (२०६१), *नेपालमा दलित मानव अधिकारको अवस्था २००४ र कानुनी व्यवस्था,* रूपन्देही : जन उत्थान प्रतिष्ठान ।

विष्ट, डोरबहादुर (२०३०), *सबैजातको फूलबारी,* काठमाडौं : साझा प्रकाशन ।

शंकरराव, सि.एन. (२०१२), *सोसियलजी,* न्यू देहली : एस. चन्द एण्ड क. लि. ।

शर्मा, रामशरण (२०१३), *शूद्रोका प्राचीन इतिहास,* नयी दिल्ली : राजकमल प्रकाशन ।

हफर, एण्ड्रस (१९७९), *दी कास्ट हाइरारकी एण्ड स्टेट इन नेपाल : ए स्टडी अफ मुलुकी ऐन अफ १८५४ ए.डी.,* इन्सब्रुक : युनभर्सिटिज भरलग बागनर ।

श्रीनिवास, एम.एन. (१९६२), *कास्ट इन मोर्डन इन्डिया,* बम्बे : एशिया पब्लिसिङ्ग हाउस ।